संघीय संसद
राष्ट्रिय सभा
चौधौं अधिवेशन
बैठक-२९
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ११:२३ बजे*
*बैठक स्थगित : १२:१४ बजे*

२०८० असार २९ गते, शुक्रबार

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको उनन्तिसौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न ११:२३ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले **अर्थमन्त्री डा. प्रकाशशरण महत**लाई **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस्"** भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सदन समक्ष पेस गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त विधेयकलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस्"** भन्ने प्रस्ताव माथि सदनमा दफावार छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (४) बमोजिम यस विधेयकका सम्बन्धमा निर्धारित समयभित्र ४ जना माननीय सदस्यहरूबाट संयुक्त रूपमा सुझाव सहितको एउटा सूचना पेस हुन आएको व्यहोरा जानकारी गराउनुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले संयुक्त सुझावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय देवेन्द्र दाहाललाई आफ्नो सुझाव सहित छलफलमा भाग लिन समय उपलव्ध गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त विधेयक माथिको दफावार छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराईदिनु हुन अनुरोध गर्नुहुँदा माननीय जितेन्द्र नारायण देवले छलफलमा भाग लिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस्"** भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै माननीय अर्थमन्त्रीलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुहुँदै संयुक्त सुझावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय देवेन्द्र दाहाललाइ आफ्नो सुझाव फिर्ता लिन चाहेमा समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले उक्त प्रस्ताव फिर्ता लिनुभएन।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट बहुमतले अस्वीकृत भयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको **दफा २ देखि ४७ सम्म** र सोसँग सम्बन्धित **अनुसूची १ देखि ४ सम्म प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०८० को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत प्रस्तुत गर्नुहुँदा सभाबाट बहुमतले स्वीकृत भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले देहायबमोजिमको विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयोः

**"प्रस्तावनाः** नेपाल सरकारको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न राजस्व सङ्कलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने तथा राजस्व प्रशासन सम्बन्धी प्रचलित कानुनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"आर्थिक ऐन, २०८०"** रहेको छ।

(२) यो ऐनको दफा १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, २४, २५, २६, २७, २८, २९, ३०, ३१, ३२, ३३, ३४, ३५, ३६, ३७, ३८, ३९, ४२, ४३ र ४५ तुरून्त प्रारम्भ हुनेछन् र अन्य दफाहरू सम्वत् २०८० साल साउन १ गतेदेखि प्रारम्भ हुनेछन्।"

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त प्रस्तावना र नामलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट बहुमतले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत**लाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (७) बमोजिम **"आर्थिक विधेयक, २०८० लाई मूल रूपमै (सुझाव बिना) पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय अर्थमन्त्रीले उक्त प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो। उक्त प्रस्ताव सभाबाट बहुमतले पारित भयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय **अर्थ मन्त्री डा. प्रकाशशरण महत**लाई **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस्"** भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय अर्थमन्त्रीले उक्त प्रस्ताव पेस गर्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाको सर्वसम्मतिले स्वीकृत गर्‍यो।

त्यसपछि, सम्माननीय अध्यक्षले **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस्"** भन्ने प्रस्ताव माथि सदनमा दफावार छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (४) बमोजिम

यस विधेयकका सम्बन्धमा निर्धारित समयभित्र ४ जना माननीय सदस्यहरूबाट संयुक्त रूपमा सुझाव सहितको एउटा सूचना पेसहुन आएको व्यहोरा जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सुझावकर्ता माननीय सदस्यहरूको तर्फबाट **माननीय भैरव सुन्दर श्रेष्ठ**लाइ आफ्नो सुझाव सहित छलफलमा भाग लिन समय उपलव्ध गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त विधेयक माथिको दफावार छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराईदिनु हुन अनुरोध गर्नुहुँदा देहायबमोजिमका माननीय सदस्यहरूले छलफलमा भाग लिनुभयोः

१. मा. मृगेन्द्र कुमार सिंह यादव
२. मा. जितेन्द्र नारायण देव
३. मा. खिमलाल देवकोटा

तदुपरान्त, सम्माननीय अध्यक्षले **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथिको दफावार छलफल सदनमा गरियोस्"** भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै माननीय अर्थमन्त्रीलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभयो।

त्यसपछि, उक्त प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुहुँदै संयुक्त सुझावकर्ता माननीय सदस्यहरूको तर्फबाट **माननीय भैरव सुन्दर श्रेष्ठ**लाइ आफ्नो सुझाव फिर्ता लिन चाहेमा समय उपलब्ध गराउनुभयो। माननीय सदस्यले उक्त सुझावलाई फिर्ता लिनुभएन। उक्त सुझावलाई सभामा निर्णयार्थ प्रस्तुत गर्दा सभाको बहुमतबाट अस्वीकृत भयो।

तत्पश्चात्,विधेयकको **दफा २** लाई **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८० को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट बहुमतले स्वीकृत भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले देहायबमोजिम विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयोः

**"प्रस्तावनाः** आर्थिक वर्ष २०८०/०८१ को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न नेपाल सरकारले राष्ट्र ऋण उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"राष्ट्र ऋण उठाउने ऐन, २०८०"** रहेको छ ।

(२) यो ऐन सम्वत् २०८० साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।"

त्यसपछि, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८० को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट बहुमतले स्वीकृत भयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत**लाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (७) बमोजिम **"राष्ट्र ऋण उठाउने विधेयक, २०८० लाई मूल रूपमै (सुझाव बिना) पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभयो। उक्त प्रस्तावलाई सम्माननीय अध्यक्षले सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट बहुमतले पारित भयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८० साल साउन १ गते सोमबार अपराह्न १ बजेर १ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव